भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

# समुदायस्तरमा कृषि उपज उत्पादन कार्यक्रम सञ्चालन मापदण्ड, २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७/०६/२१)

**प्रस्तावनाः** समुदायस्तरमा खाद्य सुरक्षा सुनिश्चित गर्न तथा कृषकहरुको उत्पादनपछि बिक्री भन्ने सोचमा परिवर्तन गरी बिक्रीका लागि उत्पादन भन्ने तर्फ उत्प्रेरित गरी व्यवसायिक खेती गर्न प्रेरित गर्ने उद्देश्यले समुदायस्तरमा कृषि उपज उत्पादन कार्यक्रम सञ्चालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

(क) यस कार्यक्रममा सहभागी हुन कृषक समूह वा कृषि सहकारी संस्थाले कम्तीमा २० घरधुरी संलग्न हुने गरी क्लष्टर बनाई प्रस्ताव पेश गर्न सक्नेछन्।

(ख) छनौट भएका क्लष्टरमा स्थायी प्लाष्टिक घरमा तरकारी खेती गरिने भएमा कम्तीमा १००० वर्ग मिटर, अस्थायी प्लाष्टिक घरमा तरकारी खेती गरिने भएमा कम्तीमा ३००० वर्ग मिटर र खुला जग्गामा तरकारी/फलफूल/आलु/नगदेबालीको हकमा कम्तीमा ४० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ।

(ग) छनौट गरिएको बालीको व्यवसायिक उत्पादनका निम्ति कार्यक्रम सञ्चालन गर्ने निकाय वा सम्बन्धित कृषि प्राविधिकको सिफारिस अनुसार आवश्यक उत्पादन सामग्रीहरु (जस्तैः उन्नत बीउ बिजन, बिरुवा मल, विषादी आदि) को व्यवस्थापन गर्नुपर्नेछ।

(घ) कार्यक्रम सञ्चालन गर्ने निकायले बजार सर्वेक्षण, कृषक व्यापारी बीच अन्तर्क्रिया कार्यक्रम, कृषक आपूर्तिकर्ता बीच अन्तर्क्रिया कार्यक्रम, सहभागितामूलक आधारभूत सर्वेक्षण तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरु सञ्चालन गर्न सक्नेछ।

## २. आर्थिक पक्ष

(क) स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही देहायका कार्यहरु मध्ये एक वा एक भन्दा बढी कार्यका लागि कुल लागतको बढिमा नब्बे प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

(अ) उत्पादन सामग्री खरिद (जस्तैः बीउ, बिरुवा, मल, विषादी आदि)

(आ) मेसिनरी औजार तथा उपकरण खरिद (जस्तैः हाते ट्रयाक्टर, सिँचाइ सामग्री, खाडल खन्ने मेसिन, सिड ड्रिल, बोरा मिलाउने मेसिन आदि)।

(इ) बजारीकरणका लागि आवश्यक सामग्री खरिद (जस्तैः डिजिटल तराजु, क्रेट, प्याकेजिङ बोरा, कार्टुन आदि) र व्यवस्थापन (बिक्रि केन्द्र स्थापना)।

(ई) कुल अनुदान रकमको बढीमा पन्ध्र प्रतिशतसम्म रकम खर्च गर्ने गरी क्षमता अभिवृद्धि सम्वन्धी कार्यहरु सञ्चालन गर्न सकिनेछ।

(ख) प्रति आवेदक अनुदानको अधिकतम सीमा दश लाख रुपैंया हुनेछ।

३. मूल्याङ्कनका आधारहरु

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| १. | **आवश्यक पूर्वाधारको अवस्था** | **१०** |
| (क) | सडक, सिँचाइ र विद्युतको सुविधा भएको | १० |
| (ख) | चालु आ.व. भित्र सडक, सिँचाइ र विद्युतको सुविधा हुनसक्ने | ५ |
| २. | **क्लष्टरको क्षेत्रफल** | **२०** |
| (क) | स्थायी प्लाष्टिक घरमा तरकारी खेतीको हकमा १००० वर्ग मिटर क्षेत्रफलमा खेती गरिने भएमा १० अंक प्रदान गर्ने र थप क्षेत्रफलको लागि प्रति ५० वर्ग मिटर १ अंकका दरले थप गरी अधिकतम २० अंकसम्म प्रदान गर्ने,<br><br>अस्थायी प्लाष्टिक घरमा तरकारी खेतीको लागि ३००० वर्ग मिटर क्षेत्रफलमा खेती गरिने भएमा १० अंक प्रदान गर्ने र थप क्षेत्रफलको लागि प्रति १०० वर्ग मिटर १ अंकका दरले थप गरी अधिकतम २० अंकसम्म प्रदान गर्ने,<br><br>खुला जग्गामा तरकारी/फलफूल/आलु/नगदेबाली ४० रोपनी क्षेत्रफलमा खेती गरिने भएमा १० अंक प्रदान गर्ने र थप क्षेत्रफलको लागि प्रति ५ रोपनी १ अंकका दरले थप गरी अधिकतम २० अंकसम्म प्रदान गर्ने | २० |
| ३. | **लाभान्वित घरधुरी** | **१०** |
| क | क्लष्टरमा ३० घरधुरी भन्दा बढी | १० |
| ख | क्लष्टरमा २६ देखि ३० घरधुरी | ७ |
| ग | क्लष्टरमा २० देखि २५ घरधुरी | ४ |
| ४. | **कृषि उपजको बजार** | **१०** |
| (क) | बाह्य बजारमा समेत कृषि उपज खपत हुने | १० |
| (ख) | स्थानीय बजारमा मात्र कृषि उपज खपत हुने | ५ |
| ५. | **अनुदानको अवस्था** | **१०** |
| क) | पछिल्लो दुई आ.व. मा कृषि सम्बन्धी कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| ख) | पछिल्लो दुई आ.व. मा कृषि सम्बन्धी अन्य कार्यको लागि अनुदान प्राप्त गरेको | ५ |
| ६. | **क्लष्टरको अवस्थिति** (मूल्याङ्कन समितिले प्रस्तावित बालीको सम्भाव्यता र खाद्य तथा पोषण सुरक्षा स्थितिको आधारमा तुलनात्मक रुपमा प्राथमिकीकरण गरी ५ देखि १० अंकसम्म प्रदान गर्ने) | **१०** |
| | **जम्मा** | **७०** |

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) समूह/सहकारीको बैठकको निर्णयको प्रतिलिपि।

(ग) प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा लिज करारमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम १० वर्षको लिज करारको प्रतिलिपि।

## ५.प्रस्तावको ढाँचाः

### क. आवेदकको संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम सञ्चालन गरिने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः<br><br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br><br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

### ख) सम्बन्धित खेती/व्यवसाय सम्बन्धी विवरण

| क्र.सं. | कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको नाम | हाल खेती गरिरहेको क्षेत्रफल (रोपनी) | हालको उत्पादन परिमाण (के.जी) | कार्यक्रम सञ्चालनबाट थप हुने क्षेत्रफल (रोपनी) | थप हुने उत्पादन परिमाण (के.जी) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

### ग) कुल अनुमानित उत्पादनः

(घ) सञ्चालन हुने क्रियाकलापहरुः

| क्र.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत (रु.) | कार्यालयको अनुदान (रु.) | प्रस्तावकको साझेदारी रकम (रू.) |
|---|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २ | आफ्नै लगानीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

(घ) सिँचाईको व्यवस्था (व्यवस्थापनको उपाय) ;

(च) माग गरेको जम्मा अनुदान रकमः

(छ) अपेक्षित उपलब्धी (खाद्य सुरक्षा स्थितिमा सुधार, वाषिक आम्दानी)

(ज) अन्य व्यवसायिक योजनाः

- नविनतम सोच (खेती/व्यवसाय सम्बन्धी कुनै नयाँ सोच/प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस)

- बजार योजना (उत्पादनको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?)

(झ) अन्य विषय केही भए उल्लेख गर्नुहोस्।